## मिति २०८०/०२/२५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगंज उप-महानगरपालिकाको नगर सभाको १३ औ अधिवेशन मिति २०८० साल असार ०९ गते शनिवारका दिन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगंज उप-महानगरपालिका क्षेत्रमा रहेका छाडा पशु चौपायाहरुलाई व्यवस्थित गर्नका लागि राप्ती सोनारी गाउँपालिका सँग MOU गर्न नगर प्रमुख प्रशान्त विष्ट र प्रमुख प्रशासकिय अधिकृत शिव प्रसाद रिजाललाई प्रत्यायोजन गर्ने साथै चालु आ.व. मा गौशाला निर्माणमा सहयोग गर्न राप्ती सोनारी गाउँ पालिकालाई रु.३५,००,०००/- (पैतिस लाख मात्र) अनुदान दिने उक्त स्थान सम्म गाईवस्तु नेपालगंज उप-महानगरपालिकाले ढुवानी गरी पठाउने र गौशाला प्रवेश भए पछि प्रतिदिन प्रति गाई रु १०/- (दश) नगरपालिकाबाट गैशालालाई सोझै संचालन खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. ०९ मा रहेको वालमन्दिर स्कुलको भवन निर्माणका लागि विनियोजित वजेट अन्तर्गतको रकम सो स्कुलमा कार्यान्वयन गर्न नसकिने भएको हुँदा सो योजना वडा नं. ०६ मा रहेको फुल्टेग्रा माध्यामिक विद्यालयको भवन निर्माण गर्ने गरि योजनाको ठाउँ सारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. ०८ मा अवस्थित महेन्द्र पार्कमा रहेका पशु पंक्षीको दाना र कान्जी हाउस/गौशालामा रहने पशुको दानाको मापदण्ड वनाउनका लागि तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो :

**तपशिल**

| | | |
|---|---|---|
| १ | वडा अध्यक्ष वडा नं. ०४ गोपाल पुन | संयोजक |
| २ | वडा अध्यक्ष वडा नं. ०८ रजनिश बाजपेयी | सदस्य |
| ३ | वडा अध्यक्ष वडा नं. २१ राजकुमार साहु | सदस्य |
| ४ | पशु चिकित्सक/ पशु विज्ञ | सदस्य |
| ५ | प्रमुख पशु सेवा शाखा | सदस्य - सचीव |

CamScanner

## मिति २०८०/०२/२५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ५**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत २० नं. वडाले नेपालगंज एयरपोर्टमा संचालीत होटल सेन्ट्रल प्लाजाबाट उठाएको संस्थागत वहाल वापतको कर रकम जम्मा रु.२,००,०००/- (अक्षरुपी दुई लाख मात्र) संघीय सरकारको क्षेत्राधिकार भित्र पर्ने हुँदा सो कर वापतको दाखिला रकम सम्वन्धित संस्थालाई फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगंज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धि कार्यविधि २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजतको लागी पेश हुन आएको मनिल इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन नेपालगंज ०४ बाँकेलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नेपालगंज उप-महानगरपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८० तर्जुमाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नेपालगंज उप-महानगरपालिकाको ठेक्का नं. १०/०७८/०७९ फुल्टेग्रा तलाउको घेरावार गर्ने कार्य समयमा पुरा गर्न नसकिने र सो को म्याद थप गरिदिनुहुन भनी सौरभ कन्स्ट्रक्सन कारकाँदो बाँकेको मिति २०८०/०२/०८ को पत्र प्राप्त भएको हुँदा सो निर्माण कार्यको म्याद १ (एक) वर्ष नबढ्ने गरि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नेपालगंज उप-महानगरपालिकामा आ.व. २०७९/०८० का लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीहरुको पून : एकिकरण कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न वैदेशिक रोजगार बोर्डबाट कार्यक्रमको लागि रु १७,२०,०००/- (सत्र लाख बीस हजार मात्र) बजेट विनियोजन भई सम्झौता भएको र यस उप-महानगरपालिकाबाट १५ प्रतिशतले हुन आउने रकम रु ३,०३,५३०/- (तिन लाख तिन हजार पाँच सय तिस रुपैयाँ मात्र) गरी कुल जम्मा रु २०,२३,५३०/- (बीस लाख तेईस हजार पाँचलसय तिस मात्र) को वजेट योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

<u>मिति २०८०/०२/२५ गतेको नगरकार्यपालिकाको निर्णयहरु :</u>

<u>निर्णय नं. १०</u>

यस नेपालगंज उप-महानगरपालिकाको चालु आ.व. २०७९/०८० को ठेक्का नं. NSMC/NCB/W01/079-80 RCC Drain and Road Construction Work Ward No 19 अन्तर्गत निर्माण कार्य चालु अवस्थामा रहेको र उक्त ठेक्कामा बाँकी रहेको परिणाम तपशिलमा उल्लेखित बाटोमा समावेश गरि सम्झौता रकम नबढ्ने गरि Revise Estimate तयार गरि भेरिएसन आदेश प्रक्रियामा अगाडि बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

१. वडा नं. ०४ प्रगति नगर पथमा पर्ने सरिता विष्टको घर देखि वडा नं. १९ सिमानासम्म माटो पटान तथा ग्राभेल ।

२. वडा नं. ४ विद्युत रोड मिलन चोक देखि पश्चीम प्रम वलीको घर सम्म नाला सहित बाटो नाला तथा ग्राभेल ।

३. वडा नं. १९ स्थित शान्तीनगर टोलमा अम्बिका राइस मिलको छेउबाट पश्चिम चन्द्रकला राहु मगरको घरसम्म बाटो नाला तथा ग्राभेल ।

CamScanner